# अनुसूची ३.४: विद्युत नियमन आयोग अनुमतिपत्र प्राप्त व्यक्ति एक आपसमा वा अन्य संगठित संस्थासँग गाभिन, आपसमा मिल्न, शेयर खरिद, संरचनाको खरिद बिक्री वा हस्तान्तरण, प्राप्ति वा ग्रहण सम्बन्धी निर्देशिका, २०७७

**मिति २०७७/०५/०१ को आयोगको ७४ औं बैठकको निर्णयानुसार स्वीकृत**

## विद्युत नियमन आयोग

## अनुमतिपत्र प्राप्त व्यक्ति आपसमा गाभिन, आपसमा मिल्न, शेयर खरिद, संरचनाको खरिद बिक्री वा हस्तान्तरण, प्राप्ति वा ग्रहण सम्बन्धी निर्देशिका, २०७७

**प्रस्तावना:** विद्युत नियमन आयोग ऐन, २०७४ को दफा १४ खण्ड (च) तथा खण्ड (छ) बमोजिम अनुमतिपत्र प्राप्त व्यक्ति एक आपसमा वा अन्य संगठित संस्थासँग गाभिन, आपसमा मिल्न, शेयर खरिद, संरचनाको खरिदबिक्री वा हस्तान्तरण, प्राप्ति वा ग्रहण सम्बन्धमा सहमति प्रदान गर्न विद्युत नियमन आयोग ऐन, २०७४ को दफा ४३ ले दिएको अधिकार प्रयोग गरी विद्युत नियमन आयोगले यो निर्देशिका जारी गरेको छ ।

### परिच्छेद-१

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(क) यस निर्देशिकाको नाम "विद्युत नियमन आयोग अनुमतिपत्र प्राप्त व्यक्ति एक आपसमा वा अन्य संगठित संस्थासँग गाभिन, आपसमा मिल्न, शेयर खरिद, संरचनाको खरिद बिक्री वा हस्तान्तरण, प्राप्ति वा ग्रहण सम्बन्धी निर्देशिका, २०७७" रहेको छ ।

(ख) यो निर्देशिका तुरुन्त लागु हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

(क) "**अनुमति प्राप्त व्यक्ति**" भन्नाले ऐनको दफा २ को खण्ड (ख) बमोजिमको व्यक्ति वा संगठित संस्था सम्झनु पर्छ ।

(ख) "**आपसमा मिल्न**" भन्नाले विद्युत उत्पादन, प्रसारण, वितरण, वा व्यापार सम्बन्धी कार्य गर्न अनुमतिपत्र प्राप्त व्यक्तिहरु आपसमा वा अन्य संगठित संस्था सँग सम्झौता वा समझदारी अनुसार मिल्ने कार्य सम्झनु पर्छ ।

(ग) "**आयोग**" भन्नाले ऐनको दफा २ को खण्ड (ग) बमोजिमको विद्युत नियमन आयोग सम्झनु पर्छ ।

(घ) "**आयोजना**" भन्नाले अनुमतिपत्र प्राप्त व्यक्तिको स्वमित्त्वमा रहेको विद्युत उत्पादन, प्रसारण, वितरण वा व्यापारसँग सम्बन्धित भौतिक पूर्वाधार तथा संरचना सम्झनु पर्छ । सो शब्दले आयोजनाको सम्पूर्ण चल, अचल सम्पत्ति तथा दायित्व र आयोजनाको सम्पूण प्रतिवेदन तथा सफ्टवेयर लगायतको आयोजनासँग सम्बन्धित विवरण समेतलाई जनाउँछ ।

(ङ) "**ऐन**" भन्नाले विद्युत नियमन आयोग ऐन, २०७४ सम्झनु पर्छ ।

(च) "**कर्मचारी**" भन्नाले अनुमति प्राप्त व्यक्ति एक आपसमा वा अन्य संगठित संस्थासँग गाभिन, आपसमा मिल्न, शेयर खरिद गर्न, संरचनाको खरिद बिक्री गर्न, प्राप्ति वा ग्रहण सम्बन्धी प्रयोजनका लागि निर्णय गर्न बसेको

साधारण सभा / सञ्चालक समितिको निर्णयका बखत सो अनुमतिपत्र प्राप्त व्यक्ति वा आयोजनाको संगठित संस्थामा कार्यरत कर्मचारी सम्झनु पर्छ ।

(छ) **“खरिद बिक्री”** भन्नाले आयोजना / संरचना / अनुमतिपत्र प्राप्त व्यक्तिको पचास प्रतिशत वा त्यस भन्दा बढी शेयर खरिद बिक्री गर्ने कार्यलाई जनाउँछ ।

(ज) **“गाभिने”** भन्नाले अनुमति प्राप्त व्यक्ति एक आपसमा वा अन्य संगठित संस्थासँग गाभ्ने गाभिने कार्यलाई सम्झनु पर्छ ।

(झ) **“निर्देशिका”** भन्नाले “विद्युत नियमन आयोग अनुमतिपत्र प्राप्त व्यक्ति एक आपसमा वा अन्य संगठित संस्थासँग गाभिन, आपसमा मिल्न, शेयर खरिद, संरचनाको खरिद बिक्री वा हस्तान्तरण, प्राप्ति वा ग्रहण सम्बन्धी निर्देशिका, २०७७” लाई सम्झनु पर्छ ।

(ञ) **“नियमावली”** भन्नले विद्युत नियमन आयोग नियमावली, २०७५ सम्झनु पर्छ।

(ट) **“प्राप्ति वा ग्रहण”** भन्नाले अनुमति प्राप्त व्यक्ति वा अन्य संगठित संस्थाले अनुमति प्राप्त व्यक्तिको विद्युत उत्पादन, प्रसारण, वितरण वा व्यापार आयोजना / संरचना प्राप्त गर्ने कार्यलाई सम्झनु पर्छ ।

(ठ) **“मूल्यांकनकर्ता”** भन्नाले यस निर्देशिका बमोजिम गाभ्ने र गाभिने अनुमतिपत्र प्राप्त व्यक्ति वा संगठित संस्थाको आयोजना, सम्पत्ती एवं दायित्वको मूल्यांकन गर्न नियुक्त भएको व्यक्ति, फर्म, कम्पनी वा संस्था सम्झनु पर्छ ।

(ड) **“शेयर अदलबदल अनुपात (स्वाप रेसियो)”** भन्नाले यस निर्देशिका बमोजिम गाभ्ने, गाभिने अनुमतिपत्र प्राप्त व्यक्ति वा संगठित संस्थाका शेयरधनीले सो गाभिने कार्य सम्पन्न भए पश्चात् कायम हुने संस्थामा आफ्नो प्रत्येक साबिक शेयर वापत पाउने शेयर संख्याको अनुपातलाई सम्झनु पर्छ ।

(ढ) **“संगठित संस्था”** भन्नाले कानून बमोजिम दर्ता भई छुट्टै कानूनी अस्तित्व भएका कम्पनी, सार्वजनिक संस्थान र निगम जस्ता कानूनी व्यक्ति सम्झनु पर्छ ।

(ण) **“संरचना”** भन्नाले विद्युत उत्पादन, प्रसारण, वितरण वा व्यापारसँग सम्बन्धित आयोजनाको लागि निर्माण भएका बाँध, जलाशय, विद्युत गृह, वा केन्द्र, सब-स्टेशन, प्रसारण वा वितरण लाईन, इलेक्ट्रोनिक सफ्टवेयर लगायतका अन्य संरचना तथा भवन, पहुँच मार्ग जस्ता भौतिक पूर्वाधार र त्यसले ओगटेको जग्गा एवं सो स्थानमा जडित उपकरण समेत सम्झनु पर्छ ।

(त) **“हस्तान्तरण”** भन्नाले अनुमतिपत्र प्राप्त व्यक्तिको स्वामित्वमा रहेको आयोजना / संरचना पूर्ण वा आंशिक रुपमा अन्य अनुमतिपत्र प्राप्त व्यक्ति वा संगठित संस्थालाई बुझाउने कार्यलाई सम्झनुपर्छ.।

## परिच्छेद-२

## निवेदन प्रक्रिया

**३. गाभिनको लागि निवेदन दिनुपर्नेः** (१) अनुमतिपत्र प्राप्त व्यक्ति एक आपसमा वा अन्य संगठित संस्थासँग गाभिन चाहेमा अनुमतिपत्र प्राप्त व्यक्तिले अनुसूची-१ बमोजिमको ढाँचामा तीन (३) प्रति निवेदन आयोग समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन पेश गर्दा गाभिने कार्यमा संलग्न दुवै पक्षको पब्लिक लिमिटेड कम्पनीको हकमा साधारण सभाको विशेष प्रस्तावबाट र प्राइभेट लिमिटेड कम्पनीको हकमा प्रबन्धपत्र तथा नियमावलीको व्यवस्था

बमोजिम पारित गरिएको गाभिने सम्बन्धि प्रस्ताव एवं मूल्यांकन प्रतिवेदन लगायत अनुसूची-२ बमोजिमका कागजातहरु संलग्न गर्नु पर्नेछं ।

(३) गाभिने सम्बन्धमा दुई पक्षबीच भएको सम्झौता वा समझदारी पत्रको प्रमाणित प्रतिलिपि निवेदनसाथ पेश गर्नु पर्नेछ । सम्झौता वा समझदारी पत्रमा कम्तिमा देहायका विषयहरु खुलाईएको हुनु पर्नेछ :-

(क) गाभिनका कारण,

(ख) सम्पत्ति तथा दायित्व एवं मूल्यांकन पद्दति सम्बन्धी व्यवस्था,

(ग) सञ्चालक समिति सम्बन्धी व्यवस्था,

(घ) सञ्चालन तथा कर्मचारी व्यवस्थापन सम्बन्धि व्यवस्था,

(ङ) विद्युत उत्पादन/प्रसारण/वितरण/व्यापार सम्बन्धमा गाभिए पश्चात् गरिने कार्यको विस्तृत कार्ययोजना ।

(४) नेपाल सरकार वा अन्य निकायसँग परियोजना विकास सम्झौता (पिडिए) लगायतका सम्झौतापत्र भएमा सोको प्रमाणित प्रतिलिपि र बैंक, वित्तिय संस्था तथा अन्य कुनै व्यक्ति वा संस्थासँगको ऋण लगानी तथा दायित्व बाँकी रहेमा सम्बन्धित पक्षको/निकायको सहमति पत्र लगायतका विवरण निवेदनसाथ पेश गर्नु पर्नेछ ।

**४. गाभिन मूल्यांकन प्रतिवेदन पेश गर्नुपर्ने :**

(१) दफा ३ बमोजिम पेश गरिने निवेदनका साथ कम्तिमा देहायका विषयहरु खुलाईएको मूल्यांकन प्रतिवेदन पेश गर्नु पर्नेछ :-

(क) प्राविधिक मूल्यांकन (आयोजना/संरचनाको वर्तमान प्राविधिक अवस्था, चालू अवस्थामा रहे नरहेको, मर्मत सम्भार लगायतका विवरण),

(ख) आर्थिक मूल्यांकन (आयोजना/संरचनाको वर्तमान मूल्य, आवश्यक हुने थप लगानी, कार्ययोजना अनुसारको लागत एवं खर्च लगायतका वित्तिय विश्लेषण सहितको विवरण),

(ग) गाभिने व्यक्तिहरु बीच सो कार्य समाप्ति पश्चात् कायम हुने शेयर अदलबदल अनुपात (स्वाप रेसियो) तय भएको आधार ।

(२) उपदफा (१) बमोजिमको मूल्यांकन कार्य गर्न प्रचलित कानून बमोजिम प्रमाणपत्र प्राप्त दर्तावाल अनुभवि व्यक्ति/संस्थालाई मूल्यांकनकर्ता नियुक्त गरी तयार गर्नु पर्नेछ ।

**५. आपसमा मिलनकोलागि निवेदन दिनुपर्ने:** (१) अनुमतिपत्र प्राप्त व्यक्ति आपसमा वा अन्य संगठित संस्थासँग विद्युत उत्पादन / प्रसारण/ वितरण / व्यापार सम्बन्धी कार्य गर्नकालागि मिल्न चाहेमा अनुमतिपत्र प्राप्त व्यक्तिले अनुसूची-३ बमोजिमको ढाँचामा तीन (३) प्रति निवेदन पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन पेश गर्दा, मिल्ने कार्यमा संलग्न हुने पक्षहरुको संचालक समितिको निर्णयको प्रमाणित प्रतिलिपि सहित अनुसूची (४) बमोजिमको कागजात संलग्न गर्नु पर्नेछ ।

(३) मिल्ने सम्बन्धमा पक्षहरुबीच भएको सम्झौता वा समझदारी पत्रको प्रमाणित प्रतिलिपि निवेदन साथ पेश गर्नु पर्नेछ.। सम्झौता वा समझदारी पत्रमा कम्तिमा देहायका विषयहरु खुलाईएको हुनु पर्नेछ :-

(क) मिल्नु पर्ने कारण,

(ख) विद्युत उत्पादन / प्रसारण / वितरण / व्यापार सम्बन्धमा संयुक्तरुपले गरिने कार्यको विस्तृत कार्ययोजना,

(ग) कार्ययोजना अनुसारको कार्य गर्दा लाग्ने अनुमानित लागत एवं खर्च,

(घ) मिल्ने पक्षहरुबाट हुने लगानीको अनुपात, दायित्व एवं जिम्मेवारी,

(ङ) सञ्चालन तथा कर्मचारी व्यवस्थापन सम्बन्धि व्यवस्था ।

(४) नेपाल सरकार वा अन्य निकायसँग भए गरेका परियोजना विकास सम्झौता (पिडिए) लगायतका सम्झौतापत्र भएमा सोको प्रमाणित प्रतिलिपि र बैंक, वित्तिय संस्था तथा अन्य कुनै व्यक्ति वा संस्थासँगको ऋण लगानी तथा दायित्व बाँकी रहेमा सो सम्बन्धी विवरण तथा सहमति पत्र निवेदनसाथ पेश गर्नु पर्नेछ ।

**६. शेयर खरिद बिक्रीकोलागि निवेदन दिनुपर्नेः** (१) अनुमतिपत्र प्राप्त व्यक्तिको पचास प्रतिशत वा त्यस भन्दा बढी शेयर खरिद बिक्री गर्नको लागि अनुमतिपत्र प्राप्त व्यक्तिले अनुसूची - ५ बमोजिमको ढाँचामा तीन (३) प्रति निवेदन पेश गर्नु पर्नेछ ।

(२) कुनै व्यक्ति वा संगठित संस्थाले अनुमतिपत्र प्राप्त व्यक्तिको शेयरधनीको साविकको शेयर खरिद गर्दा सो पश्चात् कायम हुने खरिदकर्ताको शेयर अनुमतिपत्र प्राप्त व्यक्तिको कूल शेयरको पचास प्रतिशत वा त्यस भन्दा बढी हुने भएमा उपदफा (१) बमोजिम निवेदन पेश गर्नु पर्नेछ ।

(३) अनुमतिपत्र प्राप्त व्यक्तिको जारी पूँजी मध्येबाट तत्काल कायम चुक्ता पूंजी बृद्धी गर्नकोलागि हुने शेयर खरिद बिक्री गर्दा सो पश्चात् कायम हुने खरिदकर्ताको शेयर कायम गरिने कूल चुक्ता शेयरको पचास प्रतिशत वा त्यस भन्दा बढी हुने भएमा उपदफा (१) बमोजिम निवेदन पेश गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम निवेदन पेश गर्दा खरिद बिक्री कार्यकोलागि संलग्न अनुमतिपत्र प्राप्त व्यक्ति वा संगठित संस्था पब्लिक लिमिटेड कम्पनी भएमा आफ्नो साधारण सभाबाट विशेष प्रस्ताव पारित गरी र प्राइभेट लिमिटेड कम्पनी भएमा आफ्नो प्रबन्धपत्र तथा नियमावली बमोजिम कम्पनीको निर्णयको प्रमाणित प्रतिलिपि सहित अनुसूची-६ बमोजिमको कागजात संलग्न गर्नु पर्नेछ ।

(५) पाँच प्रतिशत भन्दा बढी र पचास प्रतिशत भन्दा कम शेयर खरिद बिक्री तथा शेयर संरचना परिवर्तनको हकमा नियमावलीको नियम ४५ तथा विद्युत खरिद बिक्री तथा अनुमति प्राप्त व्यक्तिले पालना गर्नुपर्ने शर्त सम्बन्धी विनियमावली, २०७७ को दफा १७ को व्यवस्था बमोजिम हुनेछ ।

**७. आयोजना / संरचनाको खरिद बिक्री (सेल अफ प्लान्ट ) वा हस्तान्तरणको लागि निवेदन दिनुपर्नेः**

(१) अनुमतिपत्र प्राप्त व्यक्तिले वा अन्य संगठित संस्थाले विद्युत उत्पादन, प्रसारण, वितरण वा व्यापार सम्बन्धी आयोजना / संरचना पूर्ण वा आंशिक रुपमा खरीद बिक्री वा हस्तान्तरण गर्न चाहेमा अनुमतिपत्र प्राप्त व्यक्तिले अनुसूची - ७ बमोजिमको ढाँचामा तीन (३) प्रति निवेदन पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन पेश गर्दा खरिद बिक्री वा हस्तान्तरण कार्यको लागि संलग्न अनुमतिपत्र प्राप्त व्यक्ति वा संगठित संस्था पब्लिक लिमिटेड कम्पनीको हकमा साधारण सभाको विशेष प्रस्तावबाट र प्राइभेट लिमिटेड कम्पनीको हकमा प्रबन्धपत्र तथा नियमावलीको व्यवस्था बमोजिम पारित गरिएको खरिद बिक्री वा हस्तान्तरण गर्ने सम्बन्धि निर्णय एवं मूल्यांकन प्रतिवेदन लगायत अनुसूची- ८ बमोजिमका कागजातहरु संलग्न गर्नु पर्नेछ ।

(३) आयोजना / संरचना पूर्ण वा आंशिक रुपमा खरिद बिक्री वा हस्तान्तरण पश्चात्को विस्तृत कार्ययोजना निवेदनसाथ पेश गर्नु पर्नेछ ।

(४) नेपाल सरकार वा अन्य निकायसँग भए गरेका परियोजना विकास सम्झौता (पिडिए) लगायतका सम्झौतापत्र भएमा सोको प्रमाणित प्रतिलिपि र बैंक, वित्तिय संस्था तथा अन्य कुनै व्यक्ति वा संस्थासँगको ऋण लगानी तथा दायित्व बाँकी रहेमा सो सम्बन्धी विवरण तथा सहमति पत्र समेत निवेदनसाथ पेश गर्नु पर्नेछ ।

**८. आयोजना / संरचना खरिद बिक्री (सेल अफ प्लान्ट) वा हस्तान्तरण गर्न मूल्यांकन गर्न मूल्यांकन प्रतिवेदन पेश गर्नुपर्ने :**

(१) विद्युत उत्पादन, प्रसारण, वितरण वा व्यापार आयोजना / संरचना पूर्ण वा आंशिक रुपमा खरिद बिक्री वा हस्तान्तरण गर्न तय भएको आधार सहितको मूल्यांकन प्रतिवेदन दफा (७) बमोजिम पेश गरिने निवेदनसाथ आयोग समक्ष पेश गर्नु पर्नेछं ।

(२) उपदफा (१) बमोजिमको मूल्यांकन प्रतिवेदनमा कम्तिमा देहायका विषयहरु खुलाइएको हुनु पर्नेछः-

(क) प्राविधिक मूल्यांकन (आयोजना / संरचनाको वर्तमान प्राविधिक अवस्था, चालू अवस्थामा रहे नरहेको, मर्मत सम्भार लगायतका सम्बन्धित विवरण),

(ख) आर्थिक मूल्यांकन (आयोजना / संरचनाको वर्तमान मूल्य, आवश्यक हुने थप लगानी, कार्ययोजना अनुसारको लागत एवं खर्च लगायतका वित्तिय विश्लेषण सहितको विवरण) .

(३) उपदफा (१) बमोजिमको मूल्यांकन कार्य गर्न प्रचलित कानून बमोजिम प्रमाणपत्र प्राप्त दर्तावाल अनुभवि व्यक्तिलाई मूल्यांकनकर्ता नियुक्त गरी तयार गर्नु पर्नेछ ।

**९.प्राप्ति वा ग्रहणकोलागि निवेदन दिनु पर्नेः** (१) अनुमतिपत्र प्राप्त व्यक्ति वा अन्य संगठित संस्थाले अनुमतिपत्र प्राप्त व्यक्तिको विद्युत उत्पादन, प्रसारण, वितरण वा व्यापार आयोजना प्राप्ति (एक्वीजिशन) वा ग्रहण (टेकओभर) गर्नुपर्ने भएमा अनुमतिपत्र प्राप्त व्यक्तिले अनुसूची - ९ बमोजिमको ढाँचामा तीन (३) प्रति निवेदन पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन पेश गर्दा प्राप्ति वा ग्रहण गर्नु पर्नाको कारण तथा यसरी प्राप्ति वा ग्रहण गर्ने सम्बन्धी कानूनी आधार संलग्न गरी अनुसूची - १० बमोजिमको कागजात संलग्न गर्नु पर्नेछ ।

(३) विद्युत उत्पादन / प्रसारण / वितरण / व्यापार आयोजना वा संरचनाको प्राप्ति वा ग्रहण पश्चात् स्वामित्व सम्बन्धी व्यवस्थापन सहितको विस्तृत कार्ययोजना, प्राप्ति वा ग्रहण सम्बन्धमा भएको सम्झौता वा समझदारी पत्रको प्रमाणित प्रतिलिपि र मूल्यांकन प्रतिवेदन निवेदनसाथ संलग्न गर्नु पर्नेछ ।

(४) नेपाल सरकार वा अन्य निकायसँग भए गरेका परियोजना विकास सम्झौता (पिडिए) लगायतका सम्झौतापत्र भएमा सोको प्रमाणित प्रतिलिपि र बैंक, वित्तिय संस्था तथा अन्य कुनै व्यक्ति का संस्थासँगको ऋण लगानी तथा दायित्व बाँकी रहेमा सो सम्बन्धी विवरण तथा सहमति पत्र समेत निवेदनसाथ पेश गर्नु पर्नेछ ।

**१०. प्राप्ति वा ग्रहण गर्न मूल्यांकन प्रतिवेदन पेश गर्नुपर्नेः** (१) विद्युत उत्पादन, प्रसारण वितरण वा व्यापार सम्बन्धि आयोजना / संरचना प्राप्ति वा ग्रहण गर्न मूल्यांकन प्रतिवेदन दफा ९ बमोजिमको निवेदनका साथ आयोग समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको मूल्यांकन प्रतिवेदनमा कम्तिमा देहायको विषयहरु खुलाईएको हुनु पर्नेछ :-

(क) प्राविधिक मूल्यांकन (आयोजना / संरचनाको वर्तमान प्राविधिक अवस्था, चालू अवस्थामा रहे नरहेको, मर्मत सम्भार लगायतका सम्बन्धित विवरण),

(ख) आर्थिक मूल्यांकन ( आयोजना / संरचनाको वर्तमान मूल्य, आवश्यक हुने थप लगानी, कार्ययोजना अनुसारको लागत एवं खर्च लगायतका वित्तिय विश्लेषण सहितको विवरण) ।

(३) उपदफा (१) बमोजिमको मूल्यांकन कार्य गर्न प्रचलित कानून बमोजिम प्रमाणपत्र प्राप्त दर्तावाल अनुभवि व्यक्तिलाई मूल्यांकनकर्ता नियुक्त गरी तयार गर्नु पर्नेछ ।

**११. सेवा शुल्क बुझाउनुपर्ने :** यस परिच्छेद बमोजिम निवेदन पेश गर्दा नियमावलीको नियम १७ को उपनियम (१) को खण्ड (घ) बमोजिम निर्देशिकाको अनुसूची - १२ अनुसारको सेवा शुल्क बुझाएको सक्कल बैंक भौचर / रसिद संलग्न गर्नु पर्नेछ ।

## परिच्छेद -३

## सहमति प्रदान सम्बन्धी प्रक्रिया

**१२ निवेदन उपर जाँचबुझ गर्नेः**

(१) यस निर्देशिका बमोजिम प्राप्त भएको निवेदन, प्रतिवेदन र सम्पूर्ण कागजात उपर आयोगले आवश्यक जाँचबुझ गर्नेछ ।

(२) उपदफा (१) बमोजिम जाँचबुझ पश्चात् कागजात / विवरण नपुग देखिएमा आयोगले सो कागजात / विवरण माग गर्नेछ । यसरी माग भएका सम्पूर्ण कागजात / विवरण जुन मितिमा प्राप्त हुन आउछ सोहि मितिलाई रितपूर्वक निवेदन प्राप्त भएको मिति मानिनेछ ।

**१३. राय, सुझाव, प्रतिक्रिया माग गर्न सक्ने :** (१) आयोगले यस निर्देशिका बमोजिम पेश हुन आएका निवेदन उपर सार्वजनिक सूचना जारी गरी सरोकारवाला एवं सर्वसाधारणबाट राय, सुझाव, प्रतिक्रिया माग गर्न सक्नेछ ।

(२) आयोगले आवश्यकता अनुसार ऐन, नियमावली बमोजिम सार्वजनिक सुनुवाई गर्न सक्नेछ ।

**१४. आदेश दिन सक्नेः** निवेदकबाट पेश भएको मूल्यांकन प्रतिवेदन दफा १२ को उपदफा (२) बमोजिम जाचबुझ गर्दा वा दफा १३ अनुसार प्राप्त हुन आएका राय, सुझाव, प्रतिक्रिया अध्ययन गर्दा अस्वभाविक देखिएमा पुनः मूल्यांकन गरी प्रतिवेदन पेश गर्नकोलागि आयोगले आदेश दिनेछ ।

**१५. सहमति प्रदान गर्नेः**

(१) यस निर्देशिका बमोजिम रितपूर्वक निवेदन प्राप्त भएको मितिले नब्बे (९०) दिन भित्रमा आयोगले सहमति प्रदान सम्बन्धी निर्णय गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सहमति प्रदान गर्दा आयोगले अनुमति प्राप्त व्यक्तिलाई आवश्यक सर्त तोक्न वा निर्देशन दिन सक्नेछ ।

(३) यस निर्देशिकामा जुनसुकै कुरा लेखिएको भए तापनि आयोगले देहाय मध्येको कुनै अवस्थामा सहमति प्रदान नगर्न सक्नेछः

(क) विद्युत क्षेत्र नकारात्मक रुपले प्रभावित हुने, प्रतिष्पर्धाको वातावरणमा असर परि एकाधिकार वा अनुचित व्यापारिक नियन्त्रण हुने वा उपभोक्ताको हित संरक्षणमा बाधा उत्पन्न हुने देखिएमा,

(ख) ऐन तथा नियमावलीमा भएका व्यवस्थाको अनुकुल नहुने देखिएमा ।

(४) यस निर्देशिका बमोजिम पेश भएको निवेदन उपर सहमति प्रदान गर्न नसकिने भएमा सोको कारण खुलाई आयोगले निवेदकलाई जानकारी गराउनु पर्नेछ ।

## परिच्छेद - ४

## विविध

**१६. उद्देश्य समावेश भएको हुनु पर्ने:** यस निर्देशिका बमोजिमको कार्यहरुमा संलग्न हुने संगठित संस्थाको प्रबन्धपत्र एवं नियमावलीमा विद्युत उत्पादन, प्रसारण, वितरण वा व्यापार गर्ने उद्देश्य समावेश भएको हुनु पर्नेछ ।

**१७. सम्बन्धित निकायबाट कागजात तथा विवरण झिकाउन सक्ने:** यस निर्देशिका बमोजिम आयोग समक्ष पेश गरिएको कागजात तथा विवरण सम्बन्धित निकायबाट स्पष्ट हुन आवश्यक देखिएमा उक्त कागजात तथा विवरणको मूल / सक्कल प्रति वा प्रमाणित प्रतिलिपि आयोगले झिकाउन सक्नेछ ।

**१८. परिपत्र जारी गर्न सक्ने:** आयोगले यस निर्देशिका बमोजिम निर्दीष्ट गरिएको विषय सम्पादन गर्न समय-समयमा आदेश वा परिपत्र जारी गर्न सक्नेछ ।

**१९. बाधा अड्काऊ फुकाऊने**: यस निर्देशिका बमोजिम कार्य सम्पादन गर्न कुनै बाधा अड्काऊ उत्पन्न भएमा आयोगको निर्णयबाट सो बाधा अड्काऊ फुकाऊन सकिनेछ । बाधा अड्काऊ फुकाएको निर्णय सार्वजनिक गरिने छ ।

**२०. अन्य कानूनी व्यवस्थाको पालना गर्नुपर्ने :** (१) यस निर्देशिका बमोजिम सहमति प्राप्त गरेता पनि प्रचलित कानून बमोजिम अनुमतिपत्र / इजाजतपत्र लिई कार्य गरिनु पर्ने भएमा त्यस्तो अनुमतिपत्र / इजाजतपत्र लिएर मात्र कार्य गर्नु पर्नेछ ।

(२) निवेदकले आयोगबाट सहमति प्राप्त गरे पछि गाभिन / आपसमा मिल्न / शेयर खरिद गर्न / संरचनाको खरिद बिक्री वा हस्तान्तरण गर्न / प्राप्ति वा ग्रहण सम्बन्धमा प्रचलित कानून बमोजिम गर्नुपर्ने अन्य कार्यहरु पुरा गर्नु पर्नेछ ।

(३) निवेदकले उपदफा (१) र उपदफा (२) बमोजिम सम्पन्न भएको कार्यको जानकारी / विवरण सम्पन्न भएको मितिले पन्ध्र (१५) दिन भित्र आयोगलाई उपलब्ध गराउनु पर्नेछ ।

## अनुसूची-१

**(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)**

**अनुमतिपत्र प्राप्त व्यक्ति आपसमा वा अन्य संगठित संस्थासँग गाभिनकोलागि निवेदन**

मितिः__________________

श्री विद्युत नियमन आयोग,

_________________, काठमाण्डौ ।

**विषयः आपसमा गाभिन सहमति पाउँ भन्ने बारे ।**

महोदय,

उपरोक्त विषयमा प्रचलित कानून अनुसार विद्युत सर्वेक्षण/उत्पादन/प्रसारण/वितरण/व्यापार अनुमतिपत्र प्राप्त व्यक्ति ___________________________ र विद्युत सर्वेक्षण/उत्पादन/प्रसारण/वितरण/व्यापार अनुमतिपत्र प्राप्त व्यक्ति वा संगठित संस्था _________________________ बीच गाभिने सम्झौता भएकोले सो अनुरुप कार्य सम्पन्न गर्न त्यस आयोगको सहमतिको लागि तोकिए बमोजिमको कागजात तथा सेवा शुल्क बुझाएको सक्कल रसिद / बैंक भौचर संलग्न गरी निवेदन पेश गरेका छौं ।

आवश्यक कागजात _____ थान संलग्न छन् ।

निवेदक

| **गाभ्ने / गाभिने व्यक्ति** | **गाभ्ने / गाभिने व्यक्ति** |
|---|---|
| _________________ | _________________ |
| (अनुमतिपत्र प्राप्त व्यक्तिको तर्फबाट अख्तियार प्राप्त व्यक्ति ) | (अनुमतिपत्र प्राप्त व्यक्ति वा संगठित संस्थाको तर्फबाट अख्तियार प्राप्त व्यक्ति ) |
| नामः | नामः |
| पदः | पदः |
| ठेगानाः | ठेगानाः |
| टेलिफोनः | टेलिफोनः |
| फ्याक्सः | फ्याक्सः |
| इमेलः | इमेलः |
| मितिः | मितिः |
| संस्थाको छापः | संस्थाको छापः |

## अनुसूची-२

**(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)**

**आपसमा गाभिन दिइने  निवेदनमा संलग्न गर्नु पर्ने कागजातहरुः**

१. आपसमा गाभिनु पर्नाको कारण, आवश्यकता तथा औचित्य र सोबाट विद्युत क्षेत्रमा पर्ने असरको सामान्य प्रक्षेपण,

२. गाभिने संस्थाहरुको कम्पनी दर्ता प्रमाण-पत्र, प्रबन्धपत्र तथा नियमावली (संशोधन सहित), स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र एवं विद्युत सर्वेक्षण, उत्पादन, प्रसारण, वितरण वा व्यापार सम्बन्धी कार्य गर्न प्राप्त अनुमतिपत्र (म्याद थप तथा संशोधन सहित) को प्रमाणित प्रतिलिपि,

३. गाभिने संस्थाहरुको संक्षिप्त विवरण (कम्पनी प्रोफाइल), सञ्चालक समितिको लागत, पछिल्लो अधिकृत, जारी र चुक्ता पूंजीको विवरण तथा अद्यावधिक शेयर लागतको प्रमाणित प्रतिलिपि,

४. पब्लिक लिमिटेड कम्पनीको हकमा आफ्नो साधारण सभाबाट पारित विशेष प्रस्ताव र प्राइभेट लिमिटेड कम्पनीको हकमा आफ्नो प्रबन्धपत्र, नियमावलीमा भएको व्यवस्था र सञ्चालक समितिको निर्णयको प्रमाणित प्रतिलिपि,

५. निर्देशिकाको दफा ३ को उपदफा (३) बमोजिम गाभिने सम्बन्धमा दुई पक्षबीच भएको सम्झौता वा समझदारी पत्रको प्रमाणित प्रतिलिपि,

६. नेपाल सरकार वा अन्य निकायसँग भए गरेका परियोजना विकास सम्झौता (पिडिए) लगायतका सम्झौतापत्र भएमा सोको प्रमाणित प्रतिलिपि,

७. निर्देशिकाको दफा ४ बमोजिमको मूल्यांकन प्रतिवेदन,

८. मूल्यांकनकर्ताको गाभिने प्रयोजनसँग सम्बन्धित कार्य अनुभव खुल्ने विवरण, दर्ता प्रमाणपत्र एवं नवीकरण तथा कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

९. गाभिने संस्थाहरुको पछिल्लो आर्थिक वर्षको लेखा परिक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपि र वार्षिक प्रतिवेदन,

१०.गाभिने संस्थाहरुको चल अचल सम्पत्तिको विवरण, कर्जा रकम, दायित्वको विवरण, भुक्तानी अवधि, ऋणदाताहरुलाई भुक्तानी गर्न सुरक्षित गरिएको व्यवस्था र ऋणदाताको सहमति पत्र,

११. गाभिने संस्थाहरुक्का कर्मचारीको विवरण तथा गाभिए पश्चात् गरिने कर्मचारी व्यवस्थापन सम्बन्धी कार्ययोजना,

१२. गाभिने प्रयोजनका लागि प्रचलित कानून बमोजिम पूरा गरिनु पर्ने कार्यको सूची,

१३. संचालनमा रहेको आयोजनाको संक्षिप्त विवरण र निर्माणको चरणमा रहेका आयोजनाको हकमा आयोजना निर्माणको प्रगति विवरण, हालसम्म भएको खर्चको विवरण एवं लगानी योजना,

१४. निर्देशिकाको अनुसूची - ११ बमोजिमको स्वघोषणा पत्र,

१५. निवेदनमा हस्ताक्षर गर्ने लगायतका अन्य आवश्यक कार्यहरु गर्नको लागि सम्बन्धित व्यक्तिलाई अख्तियारी प्रदान गरिएको पत्र,

१६. निर्देशिकाको अनुसूची - १२ अनुसारको सेवा शुल्क बुझाएको सक्कल बैंक भौचर/रसिद ।

**अनुसूची-३**

**(दफा ५को उपदफा (१) सँग सम्बन्धित )**

**आपसमा मिल्नकोलागि निवेदन**

मितिः____________________

श्री विद्युत नियमन आयोग,

__________________, काठमाण्डौ ।

**विषयः आपसमा मिल्न सहमति पाउँ भन्ने बारे ।**

महोदय,

उपरोक्त विषयमा प्रचलित कानून अनुसार विद्युत सर्वेक्षण/उत्पादन/प्रसारण/वितरण/व्यापार अनुमतिपत्र प्राप्त व्यक्ति ______________________________ र विद्युत सर्वेक्षण/उत्पादन/प्रसारण/वितरण/व्यापार अनुमतिपत्र प्राप्त व्यक्ति वा संगठित संस्था ____________________________ आपसमा मिल्न चाहेकोले सम्झौता / समझदारी पत्र अनुरुप कार्य गर्न आयोगको सहमतिको लागि तोकिए बमोजिमको कागजात तथा सेवा शुल्क बुझाएको सक्कल रसिद / बैंक भौचर संलग्न गरी निवेदन पेश गरेका छौं ।

आवश्यक कागजात ______ थान संलग्न छन् ।

निवेदक

| **मिल्ने व्यक्ति १** | **मिल्ने व्यक्ति २, मिल्ने व्यक्ति ३......** |
|---|---|
| ____________________<br>(अनुमति प्राप्त व्यक्तिको तर्फबाट अख्तियार प्राप्त व्यक्ति )<br><br>नामः<br><br>पदः<br><br>ठेगानाः<br><br>टेलिफोनः<br><br>फ्याक्सः<br><br>इमेलः<br><br>मितिः<br><br>संस्थाको छापः | ____________________<br>(अनुमति प्राप्त व्यक्ति वा संगठित संस्थाको तर्फबाट अख्तियार प्राप्त व्यक्ति )<br><br>नामः<br><br>पदः<br><br>ठेगानाः<br><br>टेलिफोनः<br><br>फ्याक्सः<br><br>इमेलः<br><br>मितिः<br><br>संस्थाको छापः |

## अनुसूची-४

### (दफा ५ को उपदफा (२) सँग सम्बन्धित)

### आपसमा मिल्न दिइने निवेदनमा संलग्न गर्नु पर्ने कागजातहरुः

१. आपसमा मिल्नु पर्नाको कारण, आवश्यकता तथा औचित्य र सोबाट विद्युत क्षेत्रमा पर्ने असरको सामान्य प्रक्षेपण,

२. मिल्ने संस्थाहरुको कम्पनी दर्ता प्रमाण-पत्र, प्रबन्धपत्र तथा नियमावली (संशोधन सहित), स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र एवं विद्युत सर्वेक्षण, उत्पादन, प्रसारण, वितरण वा व्यापार सम्बन्धी कार्य गर्न प्राप्त अनुमतिपत्र (म्याद थप तथा संशोधन सहित) को प्रमाणित प्रतिलिपि,

३. मिल्ने संस्थाहरुको संक्षिप्त विवरण (कम्पनी प्रोफाइल), सञ्चालक समितिको लगत, पछिल्लो अधिकृत, जारी र चुक्ता पूंजीको विवरण तथा अद्यावधिक शेयर लगत र कर चुक्ताको प्रमाणित प्रतिलिपि,

४. नेपाल सरकार वा अन्य निकायसँग भए गरेका परियोजना विकास सम्झौता (पिडिए) लगायतका सम्झौतापत्र भएमा सोको प्रमाणित प्रतिलिपि,

५. अनुमतिपत्र प्राप्त व्यक्ति वा संगठित संस्थाको संचालक समितिको आपसमा मिल्ने सम्बन्धी निर्णयको प्रमाणित प्रतिलिपि,

६. निर्देशिकाको दफा ५ को उपदफा (३) बमोजिमको मिल्ने सम्बन्धमा आपसमा भएको सम्झौता वा समझदारी पत्रको प्रमाणित प्रतिलिपि,

७. निवेदकको पछिल्लो आर्थिक वर्षको लेखा परिक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपि र वार्षिक प्रतिवेदन,

८. निवेदनमा हस्ताक्षर गर्ने लगायतका अन्य आवश्यक कार्यहरु गर्नको लागि सम्बन्धित व्यक्तिलाई अख्तियारी प्रदान गरिएको पत्र,

९. बैंक, वित्तिय संस्था तथा अन्य कुनै व्यक्ति वा संस्थासँगको ऋण लगानी तथा दायित्व बाँकी रहेमा सो सम्बन्धी विवरण तथा सहमति पत्र,

१०. संचालनमा रहेको आयोजनाको संक्षिप्त विवरण र निर्माणको चरणमा रहेका आयोजनाको हकमा आयोजना निर्माणको प्रगति विवरण, हालसम्म भएको खर्चको विवरण एवं लगानी योजना,

११. निर्देशिकाको अनुसूची - ११ बमोजिमको स्वघोषणा पत्र,

१२. निर्देशिकाको अनुसूची - १२ अनुसारको सेवा शुल्क बुझेको सक्कल बैंक भौचर/रसिद ।

## अनुसूची- ५

**(दफा ६ को उपदफा (१) सँग सम्बन्धित )**

**शेयर खरिद बिक्रीकोलागि निवेदन**

मितिः___________________

श्री विद्युत नियमन आयोग,

_________________, काठमाण्डौ ।

**विषयः शेयर खरिद बिक्री गर्न सहमति पाउँ भन्ने बारे ।**

महोदय,

उपरोक्त विषयमा हामी विद्युत सम्बन्धी सर्वेक्षण/उत्पादन/प्रसारण/वितरण/व्यापार अनुमतिपत्र प्राप्त व्यक्ति ______________________ र ___________________________ संगठित संस्था / अनुमतिपत्र प्राप्त व्यक्ति वा श्री. ______________________ व्यक्ति लगायत ______________ जना बीच ______________ कित्ता शेयर ( ______प्रतिशत शेयर) खरिद बिक्री गर्न आयोगको सहमतिको लागि तोकिए बमोजिमको कागजात तथा सेवा शुल्क बुझाएको सक्कल रसिद / बैंक भौचर सहित निवेदन पेश गरेका छौं ।

आवश्यक कागजात _____ थान संलग्न छन् ।

निवेदक

| | |
|---|---|
| ____________________<br>(अनुमतिपत्र प्राप्त व्यक्तिको तर्फबाट अख्तियार प्राप्त व्यक्ति )<br>नामः<br>पदः<br>ठेगानाः<br>टेलिफोनः<br>फ्याक्सः<br>इमेलः<br>मितिः<br>संस्थाको छापः | ____________________<br>(शेयर खरिद बिक्री गर्ने व्यक्तिहरु / संगठित संस्थाको तर्फबाट अख्तियार प्राप्त व्यक्ति )<br>नामः<br>पदः<br>ठेगानाः<br>टेलिफोनः<br>फ्याक्सः<br>इमेलः<br>मितिः<br>संस्थाको छाप (संगठित संस्थाको हकमा) |

## अनुसूची- ६

### (दफा ६ को उपदफा (४) सँग सम्बन्धित)

### शेयर खरिद बिक्रीको लागि दिइने निवेदनसाथ संलग्न गर्नु पर्ने कागजातहरुः

१. खरिद बिक्री गर्नु पर्नाको कारण,

२. निवेदकको कम्पनी दर्ता प्रमाण-पत्र, प्रबन्धपत्र तथा नियमावली (संशोधन सहित ), स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र एवं विद्युत सर्वेक्षण, उत्पादन, प्रसारण, वितरण वा व्यापार सम्बन्धी कार्य गर्न प्राप्त अनुमतिपत्र (म्याद थप तथा संशोधन सहित ) को प्रमाणित प्रतिलिपि, खरिदकर्ता संगठित संस्था भएमा सोको प्रबन्धपत्र तथा नियमावली (संशोधन सहित), कम्पनी दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र वा व्यक्ति भएमा नागरिकताको प्रमाणित प्रतिलिपि,

३. नेपाल सरकार वा अन्य निकायसँग भए गरेका परियोजना विकास सम्झौता (पिडिए) लगायतका सम्झौतापत्र भएमा सोको प्रमाणित प्रतिलिपि,

४. अनुमतिपत्र प्राप्त व्यक्ति र संगठित संस्था (संलग्न भएको हकमा) को सञ्चालकहरुको लगत, शेयरधनीहरुको विवरण, पछिल्लो अधिकृत, जारी र चुक्ता पूंजीको विवरण तथा अद्यावधिक शेयर लगत,

५. पब्लिक लिमिटेड कम्पनीको हकमा आफ्नो साधारण सभाबाट पारित विशेष प्रस्ताव र प्राइभेट लिमिटेड कम्पनीको हकमा आफ्नो प्रबन्धपत्र तथा नियमावली एवं प्रचलित कानून बमोजिमको कम्पनीको निर्णयको प्रमाणित प्रतिलिपि (खरिद कर्ता एवं बिक्री कर्ता दुबैको),

६. निवेदकको पछिल्लो आर्थिक वर्षको लेखा परिक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपि र वार्षिक प्रतिवेदन,

७. खरिद बिक्री हुने शेयरको संख्या र मूल्य,

८. निवेदकको हालको तथा शेयरको खरिद बिक्री पश्चात् कायम हुने शेयर संरचना (शेयरधनी सहित), शेयर संख्या, रकम तथा शेयर प्रतिशत समेत खुलाईएको विवरण,

९. बैंक, वित्तिय संस्था तथा अन्य कुनै व्यक्ति वा संस्थासँगको ऋण लगानी तथा दायित्व बाँकी रहेमा सो सम्बन्धी विवरण तथा सहमति पत्र,

१०.संचालनमा रहेको आयोजनाको संक्षिप्त विवरण र निर्माणको चरणमा रहेका आयोजनाको हकमा आयोजना निर्माणको प्रगति विवरण, हालसम्म भएको खर्चको विवरण एवं लगानी योजना,

११. निवेदनमा हस्ताक्षर गर्ने लगायतका अन्य आवश्यक कार्यहरु गर्नको लागि सम्बन्धित व्यक्तिलाई अख्तियारी प्रदान गरिएको पत्र,

१२. निर्देशिकाको अनुसूची - ११ अनुसारको स्वघोषणा पत्र,

१३. निर्देशिकाको अनुसूची - १२ अनुसारको सेवा शुल्क बुझाएको सक्कल बैंक भौचर/रसिद ।

## अनुसूची- ७

**(दफा ७ को उपदफा (१) सँग सम्बन्धित )**

**आयोजना / संरचनाको खरिद बिक्री (सेल अफ प्लान्ट) वा हस्तान्तरणको लागि निवेदन**

मितिः__________________

श्री विद्युत नियमन आयोग,

________________, काठमाण्डौ ।

**विषयः आयोजना / संरचनाको खरिद बिक्री (सेल अफ प्लान्ट) वा हस्तान्तरण गर्न सहमति पाउँ भन्ने बारे ।**

महोदय,

उपरोक्त विषयमा हामी विद्युत सम्बन्धी सर्वेक्षण/उत्पादन/प्रसारण/वितरण/व्यापार अनुमतिपत्र प्राप्त व्यक्ति ___________________________ र __________________________संगठित संस्था / अनुमतिपत्र प्राप्त व्यक्ति बीच विद्युत उत्पादन, प्रसारण, वितरण वा व्यापारसँग सम्बन्धित _______________________आयोजना / संरचनाको खरिद बिक्री (सेल अफ प्लान्ट) वा हस्तान्तरण गर्न आयोगको सहमतिको लागि तोकिए बमोजिमको कागजात तथा सेवा शुल्क बुझाएको सक्कल रसिद / बैंक भौचर सहित निवेदन पेश गरेका छौं ।

आवश्यक कागजात _____ थान संलग्न छन् ।

निवेदक

| | |
|---|---|
| _________________<br>(अनुमतिपत्र प्राप्त व्यक्तिको तर्फबाट अख्तियार प्राप्त व्यक्ति )<br>नामः<br>पदः<br>ठेगानाः<br>टेलिफोनः<br>फ्याक्सः<br>इमेलः<br>मितिः<br>संस्थाको छापः | _________________<br>(संगठित संस्था / अनुमतिपत्र प्राप्त व्यक्तिको तर्फबाट अख्तियार प्राप्त व्यक्ति )<br>नामः<br>पदः<br>ठेगानाः<br>टेलिफोनः<br>फ्याक्सः<br>इमेलः<br>मितिः<br>संस्थाको छापः |

## अनुसूची- ८

### (दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

### आयोजना / संरचनाको खरिद बिक्री (सेल अफ प्लान्ट) वा हस्तान्तरणको लागि दिइने निवेदनसाथ संलग्न गर्नु पर्ने कागजातहरुः

१. खरिद बिक्री वा हस्तान्तरण गर्नुको कारण, आवश्यकता तथा औचित्य र सोबाट विद्युत क्षेत्रमा पर्ने असरको सामान्य प्रक्षेपण,

२. आयोजना / संरचना खरिद बिक्री (सेल अफ प्लान्ट) वा हस्तान्तरणमा संलग्न हुने पक्षहरुको कम्पनी दर्ता प्रमाण-पत्र, प्रबन्धपत्र तथा नियमावली (संशोधन सहित ), स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र, संक्षिप्त जानकारी (कम्पनी प्रोफाईल) एवं विद्युत सर्वेक्षण, उत्पादन, प्रसारण, वितरण वा व्यापार सम्बन्धी कार्य गर्न प्राप्त अनुमतिपत्र (म्याद थप तथा संशोधन सहित) को प्रमाणित प्रतिलिपि,

३. नेपाल सरकार वा अन्य निकायसँग भए गरेका परियोजना विकास सम्झौता (पिडिए) लगायतका सम्झौतापत्र भएमा सोको प्रमाणित प्रतिलिपि,

४. बैंक, वित्तिय संस्था तथा अन्य कुनै व्यक्ति वा संस्थासँगको ऋण लगानी तथा दायित्व बाँकी रहेमा सो सम्बन्धी विवरण तथा सहमति पत्र,

५. आयोजना / संरचना पूर्ण वा आंशिक रुपमा खरिद बिक्री वा हस्तान्तरण पछिको विस्तृत कार्ययोजना,

६. अनुमतिपत्र प्राप्त व्यक्ति र संगठित संस्थाको सञ्चालकहरुको लगत, शेयरधनीहरुको विवरण, पछिल्लो अधिकृत, जारी र चुक्ता पूंजीको विवरण तथा अद्यावधिक शेयर लगत,

७. पब्लिक लिमिटेड कम्पनीको हकमा आफ्नो साधारण सभाबाट पारित विशेष प्रस्ताव र प्राइभेट लिमिटेड कम्पनीको हकमा आफ्नो प्रबन्धपत्र तथा नियमावली बमोजिमको कम्पनीको निर्णयको प्रमाणित प्रतिलिपि (दुबै पक्षको),

८. निर्देशिकाको दफा ८ बमोजिमको मूल्यांकन प्रतिवेदन,

९. मूल्यांकनकर्ताको सम्बन्धित कार्य अनुभव खुल्ने विवरण, दर्ता प्रमाणपत्र एवं नविकरण तथा करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

१०. निवेदकको पछिल्लो आर्थिक वर्षको लेखा परिक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपि र वार्षिक प्रतिवेदन,

११. संचालनमा रहेको आयोजनाको संक्षिप्त विवरण र निर्माणको चरणमा रहेका आयोजनाको हकमा आयोजना निर्माणको प्रगति विवरण, हालसम्म भएको खर्चको विवरण एवं लगानी योजना,

१२. निर्देशिकाको अनुसूची - ११ बमोजिमको स्वघोषणा पत्र,

१३. निवेदनमा हस्ताक्षर गर्ने लगायतका अन्य आवश्यक कार्यहरु गर्नको लागि सम्बन्धित व्यक्तिलाई अख्तियारी प्रदान गरिएको पत्र,

१४. निर्देशिकाको अनुसूची - १२ अनुसारको सेवा शुल्क बुझाएको सक्कल बैंक भौचर/रसिद ।

**अनुसूची- ९**

**(दफा ९ को उपदफा (१) सँग सम्बन्धित )**

**प्राप्ति वा ग्रहणकोलागि निवेदन**

मितिः___________________

श्री विद्युत नियमन आयोग,

_________________, काठमाण्डौ ।

**विषयः प्राप्ति वा ग्रहणको लागि सहमति पाउँ भन्ने बारे ।**

महोदय,

उपरोक्त विषयमा हामी विद्युत सम्बन्धी सर्वेक्षण/उत्पादन/प्रसारण/वितरण/व्यापार अनुमतिपत्र प्राप्त व्यक्ति ____________________________ र ____________________________संगठित संस्था / अनुमतिपत्र प्राप्त व्यक्ति बीच विद्युत उत्पादन, प्रसारण, वितरण वा व्यापारसँग सम्बन्धित ________________________आयोजना / संरचनाको प्राप्ति वा ग्रहण सम्बन्धमा आयोगको सहमतिकोलागि तोकिए बमोजिमको कागजात तथा सेवा शुल्क बुझाएको सक्कल रसिद / बैंक भौचर सहित निवेदन पेश गरेका छौँ ।

आवश्यक कागजात _____ थान संलग्न छन् ।

निवेदक

| | |
|---|---|
| ____________________ | ____________________ |
| (अनुमतिपत्र प्राप्त व्यक्तिको तर्फबाट अख्तियार प्राप्त व्यक्ति ) | (संगठित संस्था अनुमतिपत्र प्राप्त व्यक्तिको तर्फबाट अख्तियार प्राप्त व्यक्ति ) |
| नामः | नामः |
| पदः | पदः |
| ठेगानाः | ठेगानाः |
| टेलिफोनः | टेलिफोनः |
| फ्याक्सः | फ्याक्सः |
| इमेलः | इमेलः |
| मितिः | मितिः |
| संस्थाको छापः | संस्थाको छापः |

**अनुसूची-१०**
**(दफा ९ को उपदफा (२) सँग सम्बन्धित)**
**प्राप्ति वा ग्रहणको लागि निवेदनसाथ संलग्न गर्नु पर्ने कागजातहरुः**

१. प्राप्ति वा ग्रहण गर्नुको कारण तथा कानूनी आधार र सम्झौता वा समझदारी पत्रको प्रमाणित प्रतिलिपि,

२. विद्युत उत्पादन/प्रसारण/वितरण/व्यापार आयोजना वा संरचना प्राप्ति वा ग्रहण पश्चात् स्वामित्व सम्बन्धी व्यवस्थापन सहितको विस्तृत कार्य योजना,

३. नेपाल सरकार वा अन्य निकायसँग भए गरेका परियोजना विकास सम्झौता (पिडिए) लगायतका सम्झौतापत्र भएमा सोको प्रमाणित प्रतिलिपि,

४. निवेदकको सञ्चालक समितिको लगत, पछिल्लो अधिकृत, जारी र चुक्ता पूंजीको विवरण तथा अद्यावधिक शेयर लगतको प्रमाणित प्रतिलिपि,

५. बैंक, वित्तिय संस्था तथा अन्य कुनै व्यक्ति वा संस्थासँगको ऋण लगानी तथा दायित्व बाँकी रहेमा सो सम्बन्धी विवरण तथा सहमति पत्र,

६. प्राप्ति वा ग्रहण पश्चात् गरिने कार्यको विस्तृत कार्ययोजना,

७. प्राप्ति वा ग्रहण मा संलग्न हुने पक्षहरुको कम्पनी दर्ता प्रमाण-पत्र, प्रबन्धपत्र तथा नियमावली (संशोधन सहित ), स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र, कर चुक्ता प्रमाण पत्रे, संक्षिप्त जानकारी (कम्पनी प्रोफाइल), एवं विद्युत सर्वेक्षण, उत्पादन, प्रसारण, वितरण वा व्यापार सम्बन्धी कार्य गर्न प्राप्त अनुमतिपत्र (म्याद थप तथा संशोधन सहित ) को प्रमाणित प्रतिलिपि

८. प्राप्ति वा ग्रहण गर्ने संगठित संस्थाको प्राप्ति वा ग्रहण सम्बन्धमा भएको निर्णयको प्रमाणित प्रतिलिपि,

९. निर्देशिकाको दफा १० बमोजिमको मूल्यांकन प्रतिवेदन,

१०. मूल्यांकनकर्ताको सम्बन्धित कार्य अनुभव खुल्ने विवरण, दर्ता प्रमाणपत्र एवं नविकरण तथा कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

११. निवेदकको पछिल्लो आर्थिक वर्षको लेखा परिक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपि र वार्षिक प्रतिवेदन,

१२. संचालनमा रहेको आयोजनाको संक्षिप्त विवरण र निर्माणको चरणमा रहेका आयोजनाको हकमा आयोजना निर्माणको प्रगति विवरण, हालसम्म भएको खर्चको विवरण एवं लगानी योजना,

१३. प्राप्ति वा ग्रहण कार्य सम्पन्न गर्न प्रचलित कानून बमोजिम पूरा गर्नुपर्ने प्रकृयाको सूची,

१४. निर्देशिकाको अनुसूची - ११ बमोजिमको स्वघोषणा पत्र,

१५. निवेदनमा हस्ताक्षर गर्ने लगायतका अन्य आवश्यक कार्यहरु गर्नको लागि सम्बन्धित व्यक्तिलाई अख्तियारी प्रदान गरिएको पत्र,

१६. निर्देशिकाको अनुसूची - १२ अनुसारको सेवा शुल्क बुझाएको सक्कल बैंक भौचर/रसिद ।

## अनुसूची-११

### श्री विद्युत नियमन आयोग समक्ष पेश गरेको स्वघोषणा

यस निर्देशिका बमोजिम ( ) गाभिन, ( ) आपसमा मिल्न, ( ) शेयर खरिद बिक्री गर्न, ( ) आयोजना / संरचनाको खरिद बिक्री (सेल अफ प्लान्ट) वा हस्तान्तरण गर्न, ( ) प्राप्ति वा ग्रहण गर्ने क्रममा सम्बद्ध आयोजना / संरचनासँग सम्बन्धित कुनै ऋण, धन लगायतका दायित्व बाँकी रहेमा, सिर्जना भएमा तथा पूँजीगत लाभकर लगायतका कर / राजस्व तिर्नुपर्ने देखिएमा प्रचलित कानून बमोजिम सम्बन्धित निकायमा बुझाउन हामी सहमत भएको स्वघोषणा गर्दछौं । कुनै पनि कारणबाट यस स्वघोषणा बमोजिम नभएको प्रमाणित भएको खण्डमा कानून बमोजिम कारवाही भएमा हाम्रो मञ्जुरी छ ।

**निवेदकको तर्फबाट**

दस्तखतः

नामः

ठेगानाः

**संलग्न व्यक्ति / संगठित संस्थाको तर्फबाट**

(१)

दस्तखतः

नामः

ठेगानाः

(२) ..............................

इति संवत .................. साल .......... महिना ...............गते रोज ......... शुभम् ।

## अनुसूची-१२

**(दफा ११ सँग सम्बन्धित)**

**<u>नियमावलीको नियम १७ को उपनियम (१) को खण्ड (घ) बमोजिमको सेवा शुल्कः</u>**

**१) दश करोड रुपैंया सम्मको आधार मूल्यको लागिः** रु. १,००,०००/- (एक लाख रुपैंया)

**२) दश करोड रुपैंया भन्दा माथी प्रत्येक दश करोड सम्मको लागिः** रु. ५०,०००/- (पचास हजार रुपैंया)

**उदाहरणः**

**(क) दश करोड रुपैंया आधार मूल्यको लागिः** रु. १,००,०००/- (एक लाख रुपैंया)

**(ख) पच्चीस करोड पचास लाख पाँच हजार पाँच सय रुपैंया आधार मूल्यको लागिः**

| | |
|---|---|
| पहिलो दश करोडको लागि शुल्क : | रु. १,००,०००/- |
| दोश्रो दश करोडको लागि शुल्क : | रु. ५०,०००/- |
| बाँकी पाँच करोड पचास लाख पाँच हजार पाँच सयको लागि शुल्क : | रु. ५०,००० |
| | रु. २,००,०००/- (दुई लाख रुपैंया) |

**स्पष्टिकरणः** आधार मूल्य भन्नालेः-

(१) आपसमा गाभिने र आपसमा मिल्ने कार्यको हकमा संलग्न हुने पक्षहरुको चुक्ता पूंजीको योगलाई जनाउँदछ ।

(२) शेयर खरिद, संरचना / आयोजनाको खरिद बिक्री वा हस्तान्तरण र प्राप्ति वा ग्रहणको हकमा निवेदकको पछिल्लो कूल चुक्ता पूंजी वा शेयर संरचना परिवर्तन हुने भएमा सो पश्चात् कायम गरिने कूल चुक्ता पूंजी मध्ये जुन बढी हुन्छ सोलाई जनाउँदछ ।

## निर्देशिकामा भएको संशोधन

### अनुसूची—१२
**(दफा ११ सँग सम्बन्धित)**

**नियमावलीको नियम १७ को उपनियम (१) को खण्ड (घ) बमोजिमको सेवा शुल्कः**

**१) दश करोड रुपैंया सम्मको आधार मूल्यको लागिः रु. १,००,०००/— (एक लाख रुपैंया)**

**२) दश करोड रुपैंया भन्दा माथी प्रत्येक दश करोड सम्मको लागिः रु. ५०,०००/— (पचास हजार रुपैंया) उदाहरणः**

**(क) दश करोड रुपैंया आधार मूल्यको लागिः रु. १,००,०००/— (एक लाख रुपैंया)**

**(ख) पच्चीस करोड पचास लाख पाँच हजार पाँच सय रुपैंया आधार मूल्यको लागिः**

पहिलो दश करोडको लागि शुल्क : रु. १,००,०००/— दोश्रो
दश करोडको लागि शुल्क : रु. ५०,०००/—
बाँकी पाँच करोड पचास लाख पाँच हजार पाँच सयको लागि शुल्क : रु. ५०,०००

रु. २,००,०००/— (दुई लाख रुपैंया)

**स्पष्टिकरणः**

[Σ]यस अनुसूचीको प्रयोजनार्थ आधार मूल्य भन्नाले—

(१) आपसमा गाभिने र आपसमा मिल्ने कार्यको हकमा संलग्न हुने पक्षहरूको चुक्ता पूँजीको योगलाई सम्झनु पर्छ।

(२) संरचना वा आयोजनाको खरिद बिक्री वा हस्तान्तरण र प्राप्ति वा ग्रहणको हकमा निवेदकको पछिल्लो कूल चुक्ता पूँजी वा शेयर संरचना परिवर्तन हुने भएमा सो पश्चात् कायम गरिने कूल चुक्ता पूँजी मध्ये जुन बढी हुन्छ सोलाई सम्झनु पर्छ।

(३) पहिलोपटक शेयर खरिद बिक्रीका लागि निवेदन दिने कम्पनीका हकमा कायम हुने चुक्ता पूँजीलाई तथा दोस्रोपटक वा सोभन्दा पछि प्राप्त हुने निवेदनका हकमा हेरफेर वा वृद्धि हुने पूँजीलाई सम्झनु पर्छ।

---

[Σ] आयोगको मिति २०८२।०३।२९ को २७९ औं बैठकको निर्णयानुसार संशोधन गरिएको ।